## ४६औ कार्यपालिका बैठकको निर्णय

**प्रस्ताव तथा निर्णयहरुः**

१. स्वास्थ्य नीति पारित सम्बन्धमा।
२. योजना छनौट सम्बन्धमा।
३. विविध।

**निर्णय नं १.**

रुन्टीगढी गाउँपालिका र यु एन एफ पिएको साझेदारी र समन्वय तथा यु एन एफ पिएको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गर्न सैद्धान्तिक स्वीकृति प्राप्त भई निर्माण भएको रुन्टीगढी गाउँपालिकाको स्वास्थ्य नीति पारित गर्ने।

**निर्णय नं २.**

सडक बोर्ड नेपालको  च.नं. ४३९ मिति २०८१।०६।१३ को पत्रानुसार आ.ब. २०८१।०८२ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि रु दश लाख बजेट स्वीकृत भएको सन्दर्भमा यस बोर्ड बाट विनियोजित बजेट र सडक बोर्ड नियमावली २०६० परिच्छेद ३ नियम ९ बमोजिम गाउँपालिकाले व्यहोर्ने समपुरक कोष समेत समाबेश गरि यस गाउँपालिकाको वडा नं ४ को सुर्पाल बजार सडक सुधार तथा मर्मत गर्न छनौट गर्ने र उक्त योजनाको कार्यान्वयनका लागि सडक बोर्ड नेपालसँग आवश्यक प्रक्रिया अगाडि बढाउने।

**निर्णय नं ३.**

रुन्टीगढी गाउँपालिकाको कार्यालयमा कार्यरत रहि हाल अन्य प्रदेशमा सरुवा भई गएका तपसिलका कर्मचारीहरुबाट सरुवा भई गएको कार्यालयमा पदस्थापन गर्नका लागि सहमति माग भई आएकोले उक्त निकायमै पदस्थापनका लागि लेखि पठाउने।

१. रितु तिमिल्सिना सहायक महिला विकास निरिक्षक
२. शारदा रोकाय सहायक चौथो

**निर्णय नं ४.**

रुन्टीगढी गाउँपालिका वडा नं ६ मा रहेको हातेमालो समाज सुधार युवा क्लबद्वारा दशै तिहारको उपलक्ष्यमा विविध खेलकुद प्रतियोगिता संचालन गर्नका लागि गाउँपालिकामा आर्थिक सहयोग माग भई आएकोले रु १०,०००/- रकम उपलब्ध गराउने।

**निर्णय नं ५.**

रुन्टीगढी गाउँपालिकामा रहेको इलाका प्रहरी कार्यालय होलेरीले चिसोयामको समयमा कार्यालय खुल्ला रहने समयमा अत्यधिक चिसोको कारण कार्यालयको कामकाज गर्न समेत असहज हुने भएकोले एउटा एअर

कन्डिशनर (Air Conditionar) उपलब्ध गराईपाउँ भनि निवेदन पेश गरेकोले मेशिनरि तथा औजार मर्मत सम्भार तथा संचालन खर्च शिर्षकबाट खरिद गरि प्रदान गर्ने।

**निर्णय नं ६.**

रुन्टीगढी गाउँपालिकामा आ.ब. २०८१।०८२ मा कार्यान्वयन गरिने सम्पूर्ण लिफ्ट खानेपानी तथा विद्युतीय निर्माण योजनामा प्राविधिक सहयोगका लागि रोल्पा विद्युत प्राधिकरणसँग सहजिकरण गर्ने।

**निर्णय नं ७.**

रुन्टीगढी गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माणका लागि सघन शहरी तथा भवन निर्माण कार्यालय घोराही दाङसँग समन्वय गरी तत्काल आवश्यक कार्य अगाडि बढाउन अनुरोध गर्ने साथै निर्माण स्थलमा पर्ने विद्युत हाइटेन्शनको लाइन सहितको पोल अन्य स्थानमा स्थानान्तरका लागि रोल्पा विद्युत प्राधिकरणलाई अनुरोध गर्ने।

**निर्णय नं ८.**

रुन्टीगढी गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा रिक्त रहेका देहायका पदमा विज्ञापन गरि गाउँपालिकाले तोके बमोजिम पारिश्रमिक पाउने गरि करारमा भर्ना गर्ने साथै कार्यालय सहयोगीको पदमा ज्यालादारीमा भर्ना गर्ने।

तपसिलः

| क्र सं | पद | सेवा/समुह/उपसमुह | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | इन्जिनियर | सिभिल | छैठौं | १ (एक जना) | |
| २. | वन प्राविधिक | वन | छैठौं सातौ | १ (एक जना) | |
| ३. | अ.न.मी | स्वास्थ्य | चौथो | १ (एक जना) | |
| ४. | पशु सेवा प्राविधिक | पशु सेवा | चौथो | ४ (चार जना) | |
| ५. | कृषि प्राविधिक | कृषि सेवा | चौथो | ३ (तीन जना) | |
| ६. | कार्यालय सहयोगी | _ | विहिन | ८ (आठ जना) | |
| ७. | माली | _ | विहिन | १ (एक जना) | |

**निर्णय नं ९.**

रुन्टीगढी गाउँपालिका रोल्पा, रुन्टीगढी गाउँपालिका रोल्पाका अध्यक्ष जनक पुन, रुन्टीगढी गाउँपालिका वडा नं ५ र वडा नं ५ का अध्यक्ष श्री गोविन्द बहादुर डाँगीलाई विपक्षी बनाई मिति २०८१।०७।०७ गते उच्च अदालत तुलसीपुरबाट मुद्दा नं ०८१-WO-००२७ मा जारी भएको म्याद सूचना अनुसार पूर्पक्षका लागि प्रतिनिधिका रुपमा यस गाउँपालिकामा कार्यरत आन्तरिक लेखा परिक्षक श्री दिपक पराजुलीलाई तोक्ने।

**<u>निर्णय नं १०.</u>**

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता र कमजोर आर्थिक अबस्थालाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | प्रमिला बस्नेत | रुन्टीगढी-८, रोल्पा | श्रीमानको भारतमा लडेर मेरुदण्ड भाचिएको र उपचाररत रहेको | रु.१५,०००/- |
| २ | नन्दराम पुन | रुन्टीगढी-४, रोल्पा | श्रीमतिको रुखबाट लडि खुट्टा भाचिइ उपचाररत रहेको | रु.१०,०००/- |
| ३ | शिवा घर्ति | रुन्टीगढी-३, रोल्पा | बुवाको शब लिएको एम्बुलेन्स भाडा तिर्न | रु.१३,०००/- |
| ४ | गिता बुढा | रुन्टीगढी-६, रोल्पा | काम गर्ने क्रममा चोटपटक लागि खुट्टाको औला भाचिएको | रु.१०,०००/- |
| ५ | बालाराम वि.क. | रुन्टीगढी-७, रोल्पा | श्रीमानको कामका क्रममा खुट्टा भाचिएको र उपचाररत रहेको | रु.१०,०००/- |